तिलागुफा नगरपालिका
तिलागुफा नगर कार्यपालिकाको कार्यालय
कालिकोट जिल्ला, कर्णाली प्रदेश

मिति : ०७६।०७।२२

**मिति ०७६।०७।२१ र २२ मा बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु**

**निर्णय नं.२० : आ.व.०७५।७६ को मलेप प्रतिवेदन उपर छलफल र प्रतिक्रिया पठाउने सम्वन्धमा :** सबै वडाहरुमा प्रारम्भिक मलेप प्रतिवेदनको एक प्रति उपलब्ध गराउने । असुल गर्नु पर्ने भनि उल्लेख भएका रकमहरु असुल गर्ने तर्फ कारवाही अघि बढाउने । नियमित गर्ने वेरुजुको हकमा आगामी नगरसभामा नियमित गर्नका लागि पेश गर्ने । बेरुजुमा देखिएका विषहरुमा सबै सचेत भै आगामी दिनमा नीतिगत तथा रकमगत वेरुजु शुन्य बनाउने पहलमा सबैले आ आफ्नो हैसियतबाट निभाउनु पर्ने भूमिकालाई थप प्रभावकारी बनाउने ।

**निर्णय नं.२१ : लक्ष्यित कार्यक्रमको लागि लाभान्वित छनौट टुंग्याउने तथा कार्यान्वयन तालिकामा समय परिमार्जन गर्ने सम्वन्धमा :** २०७६ साल भाद्र मसान्तसम्म छनौट कार्य सम्पन्न गरी आश्विनदेखि सेवा वितरण गर्ने गरी मिति ०७६।०५।०९ को निर्णय नं. १० मा भएको निर्णयानुसार हालसम्म पनि वडाबाट छनौट कार्य सम्पन्न हुन नसकेकाले उक्त छनौट कार्य आगामी मंसीर १० गतेभित्र सम्पन्न गरी नगरकार्यपालिकामा अनिवार्यरुपमा विवरण उपलब्ध गराउने । छनौट प्रकृया ढिलो भएका कारण कार्यतालिकाको समयतालिका प्रभावित भएकोमा आगामी दोश्रो चौमासिक अवधि भित्र कार्यक्रम सम्पन्न गर्ने गरी कार्ययोजना संसोधन गरी वडा कार्यालय मार्फत आम नागरिकलाई जानकारी गराउने ।

**निर्णय नं.२२ :स्वास्थ सेवामा समायोजन भै आएका कर्मचारीहरुको व्यवस्थापन खटाउने सम्वन्धमा :** नगरपालिकाका ११ वटै वडाबाट स्वास्थ सेवा प्रवाह गर्ने नीति अनुरुप भवन बन्न बाकी वडाहरुमा भवन निर्माण भैरहेको तथा नमूना वर्थिंग सेन्टर संचालन सहित स्वास्थ सेवा प्रवाहको व्यवस्था मिलाउन करारमा अहेव र अनमीको दरवन्दी कायम गर्ने वार्षिक नीति र बजेटको व्यवस्था बमोजिम आगामी नगरसभाबाट संगठन संरचना र दरवन्दी स्वीकृत भए पछि सोही अनुसार पदस्थापन गर्ने गरी स्थानीय तहमा समायोजन भै हालसम्म यस नगरपालिका र अर्न्तगत स्वास्थसंस्थामा हाजिर भएका देहायका कर्मचारीहरुलाई देहाय बमोजिम जिम्मेवारी तोकि कार्यक्षेत्रमा खटाउने ।

| क्र स. | नामथर | पद | तह | संकेत नं | न.पा मा हाजिर मिति | जिम्मेवारी तोकिएको कार्यालय |
|---|---|---|---|---|---|---|
| **(क) हेल्थ असिष्टेन्ट (हे.अ)** | | | | | | |
| १ | मिनराज शक्ति शाही | हेल्थ असिस्टेन्ट | सहायक पाँचौ | २२३३५० | | स्वास्थ चौकी फोइ बजेडीचौर वडा नं. १ |
| २ | दिपेन्द्र शाही | हेल्थ असिस्टेन्ट | सहायक पाँचौ | २१४४३६ | | स्वास्थ चौकी राँचुली वडा नं. ४ |
| ३ | सृजना शाही | हेल्थ असिस्टेन्ट | सहायक पाँचौ | २२४१५८ | ०७६।०६।२४ | स्वास्थ चौकी राँचुली वडा नं ४ |
| ४ | जसेन्द्र ब शाही | हेल्थ असिस्टेन्ट | सहायक पाँचौ | २२३५३९ | ०७६।०६।०५ | स्वास्थ चौकी जुविथा खल्ला वडा नं. ६ |
| ५ | जितेन्द्र व शाही | हेल्थ असिस्टेन्ट | सहायक पाँचौ | २३३५२५ | ०७६।०६।०५ | स्वास्थ चौकी छाप्रे वडा नं. ७ |
| ६ | सुरेन्द्र उपाध्याय | हेल्थ असिस्टेन्ट | सहायक पाँचौ | ०२४४६२८ | ०७६।०६।०४ | स्वास्थ चौकी चिल्खाया वडा नं. ९ |
| **(ख) अहेव** | | | | | | |
| १ | गया प्रसाद कुमाई | सि.अहेव | सहायक पाँचौ | १९०९९३ | ०७६।०६।२६ | स्वास्थ चौकी फोइ बजेडीचौर वडा नं. १ |
| २ | जनक ब शाही | अहेव | सहायक चौथो | | | प्रस्तावित स्वास्थ चौकी रतडा वडा नं. २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | कमला शाही | अहेव | सहायक चौथो | २२२२८१ | | प्रस्तावित स्वास्थ चौकी फोइ वडा नं. ३ |
| ४ | रिता शाही | अहेव | सहायक चौथो | | | स्वास्थ चौकी राँचुली वडा नं. ४ |
| ५ | भिमराज शाही | अहेव | सहायक चौथो | २१०३७८ | | प्रस्तावित स्वास्थ चौकी धनडा वडा नं. ५ |
| ६ | सरिताकुमारी शाही | अहेव | सहायक चौथो | | | स्वास्थ चौकी जुविधा खल्ला वडा नं. ६ |
| ७ | कमल ब रावत | अहेव | सहायक चौथो | २१४५९५ | ०७६।०७।१४ | स्वास्थ चौकी छाप्रे वडा नं. ७ |
| ८ | रमेश ब शाही | अहेव | सहायक चौथो | २२३५८७ | ०७६।०६।२४ | प्रस्तावित स्वास्थ चौकी ओखरभिट्टा वडा नं. ८ |
| ९ | गणेशप्रसाद कोईराला | अहेव | सहायक चौथो | २२३२७० | ०७६।०७।२० | स्वास्थ चौकी चिल्खाया वडा नं. ९ |
| १० | फसल शाही | अहेव | सहायक चौथो | | | प्रस्तावित स्वास्थ चौकी रुडु, वडा नं. १० |
| ११ | धनरुप शाही | अहेव | सहायक चौथो | २०९०१२ | ०७६।०७।१४ | प्रस्तावित स्वास्थ चौकी ढिम्निया, वडा नं. ११ |
| **(ग) अनमी** | | | | | | |
| १ | कल्पना कु शाही | अनमि | सहायक चौथो | २२१५३८ | ०७६।०६।२३ | स्वास्थ चौकी फोइ बजेडीचौर वडा नं. १ |
| २ | जान्सोभा कु  शाही | अनमि | सहायक चौथो | २२६९७५ | ०७६।०७।०३ | प्रस्तावित स्वास्थ चौकी रतडा वडा नं. २ |
| ३ | नन्दा हमाल | अनमि | सहायक चौथो | | | प्रस्तावित स्वास्थ चौकी फोइ वडा नं. ३ |
| ४ | राज कुमारी शाही | अनमि | सहायक चौथो | २१७१५५ | ०७६।०६।२९ | स्वास्थ चौकी राँचुली वडा नं. ४ |
| ५ | साबित्री शाही | अनमि | सहायक चौथो | २१४१६९ | ०७६।०६।२७ | प्रस्तावित स्वास्थ चौकी धनडा वडा नं. ५ |
| ६ | पद्मम कुमारी शाही | सि.अनमि | सहायक पाचौ | १५२३९२ | | स्वास्थ चौकी जुविधा खल्ला वडा नं. ६ |
| ७ | तारा हमाल | अनमि | सहायक चौथो | २३२४२९ | ०७६।०६।२८ | स्वास्थ चौकी छाप्रे वडा नं. ७ |
| ८ | संगिता प्याकुरेल | अनमि | सहायक चौथो | २३३९७९ | | प्रस्तावित स्वास्थ चौकी ओखरभिट्टा वडा नं. ८ |
| ९ | गरिमा चौलागाँई | अनमि | सहायक चौथो | ०२२७२७७ | ०७६।०७।२० | स्वास्थ चौकी चिल्खाया वडा नं. ९ |
| १० | तुलसिकुमारी थापा | अनमि | सहायक चौथो | २२०४५२ | ०७६।०६।२९ | प्रस्तावित स्वास्थ चौकी रुडु, वडा नं. १० |
| ११ | कल्पना कु शाही | अनमि | सहायक चौथो | | | प्रस्तावित स्वास्थ चौकी ढिम्निया, वडा नं. ११ |

**निर्णय नं.२३ : करार सेवाका लागि गरिएको विज्ञापन सम्वन्धमा :** नेपाल सरकारले समायोजन प्रकृयाबाट स्वास्थ सेवा, कृषि तथा पशु तर्फ  हाल उल्लेख्य संख्यामा कर्मचारी खटिई हाजिर हुने क्रम जारी रहेकाले नगरकार्यपालिकाको मिति ०७६।०५।०९ को निर्णयानुसार नगरपालिकाले मिति ०७६।०५।२० मा प्रकाशित गरेको करारमा कर्मचारी पदपुर्ति गर्ने विज्ञापनहरु मध्ये देहायका विज्ञापनहरु रद्ध गरी उम्मेदारहरुलाई जानकारी गराई बुझाएको दरखास्त दर्ता रकम फिर्ता गर्ने ।

| सि.नं. | वि.नं. | किसिम | पद | सेवा | तह | माग पद |
|---|---|---|---|---|---|---|
| १ | ०१/२०७६/०७७ | खुला | ना.प्रा.स. | कृषि | सहायक स्तर चौथो | २ |
| २ | ०२/२०७६/०७७ | महिला | ना.प्रा.स. | कृषि | सहायक स्तर चौथो | १ |
| ३ | ०३/२०७६/०७७ | खुला | ना.प.स्वा.प्रा. | कृषि | सहायक स्तर चौथो | २ |
| ४ | ०४/२०७६/०७७ | दलित | ना.प.स्वा.प्रा. | कृषि | सहायक स्तर चौथो | १ |
| ५ | ०५/२०७६/०७७ | खुला | अ.न.मि. | स्वास्थ्य | सहायक स्तर चौथो | १ |
| ६ | ०६/२०७६/०७७ | खुला | अ.हे.ब. | स्वास्थ्य | सहायक स्तर चौथो | ३ |
| ७ | ०७/२०७६/०७७ | महिला | अ.हे.ब. | स्वास्थ्य | सहायक स्तर चौथो | २ |
| ८ | ०८/२०७६/०७७ | दलित | अ.हे.ब. | स्वास्थ्य | सहायक स्तर चौथो | १ |

**निर्णय नं.२४ : एम्बुलेन्स सेवाको संचालन र व्यवस्थापन सम्वन्धमा :** नगरपालिकाको एम्वुलेन्स संचालन सम्वन्धमा देहायबमोजिम गर्ने :

(क) जुम्ला र मान्माको सदरमुकाममा रहेका अस्पतालसम्म लैजान र ल्याउन मात्र एम्वुलेन्स सेवा उपलब्ध गराउने ।

(ख) यस नगरपालिका क्षेत्रबाट जुम्ला जाँदा रु. चारहजार तथा मान्मा जाँदा रु. तीनहजार सेवाशुल्क कायम गर्ने । नगर क्षेत्रभित्र विना खोखिम एम्वुलेन्स पुग्ने स्थानसम्म विरामी ओसारपसार गरे वापत हरेक

पटकका लागि रु. एकहजार सेवाशुल्क लिने । तिलागुफा नगरपालिका क्षेत्र वाहिर अन्य पालिकाहरुका नागरिकहरुले सेवा लिन चाहेमा नगरवासीलाई लिने सेवामा थप रु. दुइहजार सेवा शुल्क लिने ।

**निर्णय नं.२५ : ग्यारेज भवनको दोश्रो तला निर्माणको रकम भुक्तानी सम्वन्धमा :** नगरकार्यपालिका रहेको स्थानमा रु. ५ लाखको वार्षिक विनियोजित बजेटको सीमा भित्र रहेर कार्यान्वयन गरी तयार भएको ग्यारेज भवनको दोश्रो तलाको रकम खर्च लेख्न स्वीकृति प्रदान गर्ने ।

**निर्णय नं.२६ : नगर कार्यपालिका भवन पूर्व उत्तर तर्फ मेश्नरी वाल र पिसिसी बाटो निर्माण सम्वन्धमा :** ६ नं. वडा कार्यालयका नाममा बाँकी रहेका फलामका रडहरु प्रयोग गरी बाटो पिसिसी गर्ने भनेर कार्य अगाडि बढाउने सोंच रहेकामा हाल ति रडहरु राखेको स्थानबाट विना सूचना स्थानीय वासिन्दादाले उठाएर प्रयोग गरेको भनी सुन्नमा आएकोले वास्तविकता के हो ? सत्य तथ्य सहितको प्रतिवेदन आगामी बैठकमा पेश गर्ने जिम्मा ६ नं. वडाध्यक्षलाई दिने ।

**निर्णय नं.२७ : नगरको सुरक्षामा खटिएका सुरक्षाकर्मीहरुले सुरुका दिनमा खाएको खानाको बील भुक्तानी :** नगर कार्यपालिकाको भवनको सुरक्षार्थ आषाढ महिनाको अन्तिम हप्तादेखि खटिएका ४ जना सुरक्षाकर्मीहरुले आफ्नो खाने बस्ने व्यवस्था नहुञ्जेल शुरुका दिनमा होटलमा खाएको खानाको बील भुक्तानी गर्न नगरपालिकालाई अनुरोध गरेकामा सो अनुरोधलाई जायज मान्दै पेश भएको बील बमोजिमको रु ४३९६० (त्रिचालीसहजार नौसय साठी) रकम खर्च लेख्न स्वीकृति प्रदान गर्ने ।

**निर्णय नं.२८ : दशैंका अवसरमा शहीद, घाइते र अपांग परिवारलाई गरेको सम्मान खर्च अनुमोदन सम्वन्धमा :** नगरपालिका क्षेत्र भित्रका द्वन्दपिडित, शहीद, घाइते, अपांग परिवारलाई दशैंका अवसरमा खादा, टोपि लगाई सम्मान गर्दा लागेको खर्च रकम रु.एकलाखमा नबढाई भुक्तानीका लागि स्वीकृति प्रदान गर्ने ।

**निर्णय नं.२९ : दशैंका अवसरमा प्रहरी चौकीहरुलाई उपलब्ध गराएको कार्यक्रम खर्च अनुमोदन र खर्च स्वीकृति सम्वन्धमा :** नगर क्षेत्र भित्र रहेका प्रहरी चौकिहरु बालीघाट, खल्लागाढ, नाग्मा र चिल्खायालाई वडादशैंका अवसरमा दुर्गा पुजा गर्न प्रत्येकलाई नियमानुसार बील भरपाई पेश भएमा बढीमा रु. दशहजार रकम खर्च लेख्न स्वीकृति प्रदान गर्ने ।

**निर्णय नं.३० : सडक तथा सिंचाई आयोजनाहरुको मर्मत खर्च विनियोजन, समर्थन र प्रकृया सम्वन्धमा** : विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी देहायका कार्यहरु सम्पन्न गराई खर्च लेख्न स्वीकृति प्रदान गर्ने :

(क) पाखेढुंगा छाप्रे सडक मर्मत : रु. ५००००० (पाँचलाख)
(ख) भण्डारीबाडा सिंचाई कुलो मर्मत : रु. ५००००० (पाँचलाख)
(ग) टाकुला खोला पहिरो पन्छाउने कार्य : रु. १००००० (एकलाख)
(घ) भैसेगौंडामा अस्थायी पुल निर्माण कार्य : रु. ४००००० (चारलाख)
(ङ) भैसेगौंडा ठिन्के मोटरबाटोम झरेको पैह्रो पन्छाई बाटो सुचारु गर्न : रु. २००००० । दुइलाख)

**निर्णय नं.३१ : निजीश्रोतका विद्यालयहरुको सहयोग रकम निकासा सम्वन्धमा** : चालु आ.व.०७६।७७ को वार्षिक वजेटमा समावेश गरिएको निजि श्रोतमा संचालित विद्यालयहरुका लागि ७५ जना शिक्षकको मासिक रु.

१३४५० का दरले हुने आउने प्रथम चौमासिक अवधिको सहयोग रकम विद्यालयका खातामा निकासा पठाउने ।

**निर्णय नं.३२ :औषधि तथा कार्यालय संचालन सामग्री खरिदका लागि सिलबन्दी दरभाउ पत्र आव्हान गर्ने सम्वन्धमा :** नगरपालिकाको वार्षिक बजेटमा परेको कार्यक्रम र बजेट बमोजिम तत्काल खरिद गर्नु पर्ने औषधि तथा कार्यालय सामामनका लागि प्रचलित कानुन अनुसार दरभाउपत्रका माध्यमद्धारा खरिद गर्ने प्रकृया अघि बढाउन निर्देशन दिने ।

**निर्णय नं.३३ : प्रहरी मुचुल्का सहित पेश भएका आर्थिक सहायतता माग सम्वन्धमा :** नगरपालिकामा हालसम्म प्राप्त भएका निवेदनहरु केलाई विवरण तयार भए पछि आगामी बैठकमा थप छलफल गर्ने ।

**निर्णय नं.३४ : निर्वाचित पदाधिकारीको पारिश्रमिक, बैठक भत्ता र भ्रमण खर्च सम्वन्धमा :** प्रदेश कानुनमा उल्लेख नभएको सुविधा भनी सम्मानित सर्वोच्च अदालतको आदेश तथा मलेपको बेरुजु प्रतिवेदनमा प्रश्नहरु उठाइएकाले प्रदेश सरकारले अर्को कानून बनाएर प्रष्ट नपारेसम्म हाल लिइदै आएको पारिश्रमिक तथा बैठकभत्ता रकम नलिने ।

**निर्णय नं.३५ : नगरपालिका भरिका घरपालुवा कुकुरहरुलाई रेविज विरुद्ध खोप लगाउन अभियान संचालन गर्ने :** नगर क्षेत्र भित्रका घरपालुवा कुकुरहरुमा रेविज रोग फैलिने संभावना रहेकाले पशु सेवा तर्फका प्राविधिकहरुको अगुवाइमा समुदायको समेत सहयोग लिई रेविज विरुद्धको खोप लगाउने अभियान तत्काल संचालन गर्ने ।

**निर्णय नं.३६ :सामुदायिक विद्यालयहरुको आ.व.०७५।७६ सम्मको लेखा परीक्षण गर्न लेखा परीक्षक नियुक्ति गर्ने** : नगर कार्यपालिकाको मिति ०७६।०५।०९ को निर्णय नं.१५ मा नगर शिक्षा नियमावली, २०७४ को नियम ८८.अनुसार सामुदायिक विद्यालयहरुको.०७५।७६ सम्मको लेखा परीक्षण गर्न लेखा परीक्षक नियुक्तिका लागि मिति ०७६।०५।१६ मा ७ दिनको म्याद दिई सूचना प्रकाशन भएकोमा उक्त सुचना बमोजिम पर्न आएका २ वटा निवेदनहरु जे.जि.एण्ड कम्पनी र प्रतिभा जनरल स्टोर मध्ये जे.जि.एण्ड कम्पनीको प्रतिसयकडा ०।४० ( चालीस पैसा) दररेट सहितको प्रस्ताव नियमपूर्वक परेको देखिएकाले आगामी दोश्रो चौमासिक अवधिको निकासा दिंदा लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेका आधारमा मात्र विद्यालयहरुको खतामा निकासा छोड्ने व्यवस्था मिलाई २०७६ माघ मसान्तभित्र लेखा परीक्षण कार्य सम्पन्न गर्ने शर्तमा लेखा परीक्षक नियुक्ति गर्ने तथा वडा कार्यालय र संचार माध्यम मार्फत विद्यालयहरुलाई जानकारी गराउने ।

**निर्णय नं.३७ : वार्षिक योजना कार्यान्वयन सम्वन्धमा** :चालु आ.व.०७६।७७ मा समावेश गरिएका भौतिक पूर्वाधार तर्फका योजनाहरुको लगत इष्टिमेट तयार गरी उपभोक्ता समिति गठन तथा ठेक्का प्रकृयामा गर्नु पर्ने कामहरु तत्काल अघि बढाउने ।

**निर्णय नं.३८ : वडा कार्यालयको भवनको डिजाइन र कार्यान्वयन सम्वन्धमा :** चालु आ.व.०७६।७७ को वार्षिक वजेटमा समावेश भएका वडा कार्यालयहरुको नयाँ भवन निर्माणको लागि चार कोठे पक्की भवनको डिजाइन र लई तयार गरी आगामी बैठकमा छलफलका लागि पेश गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं.३९ :श्रम बैंकको स्थापना र कार्यान्वयनका लागि कार्यविधि स्वीकृत गर्ने :** चालु आ.व.०७६।७७ को वार्षिक वजेटमा समावेश भए अनुसार श्रम बैंकको स्थापना र संचालनका लागि बनेको तिलागुफा नगरपालिकाको श्रम रोजगार बैंकलाई व्यवस्थित गर्ने कार्यविधि २०७६ स्वीकृत गर्ने ।

**निर्णय नं.४० : नगरको केन्द्र तोक्ने तथा वजेट र कार्यक्रम परिमार्जन गर्ने लगायतका विषयमा छलफल गर्न सातौं नगरसभाको वैठक बोलाउने : स्**थानीय सरकार संचालन ऐन अनुसार बोलाउनु पर्ने नगरसभाको हिंउदे अधिवेसन आगामी २०७६ साल मंसीर १५ गतेका लागि आव्हान गर्ने । उक्त अधिवेसनमा नियमित विषय वस्तुका अलावा नगरको केन्द्र तोक्ने विषय, स्वास्थ सेवा तर्फको दरवन्दी संरचना र संगठन स्वीकृत गर्ने विषय, चालु आ.व.को वार्षिक वजेट परिमार्जन तथा पुरक बजेट प्रस्तुत गर्ने विषयहरु छलफलका लागि पेश गर्ने ।

**निर्णय नं.४१ : नगर कार्यपालिकाका लागि न्यूनतम ५ कोठा भएको घर भाडामा लिन स्वीकृति दिने :** हाल समायोजन, लोकसेवा र सरुवाबाट समेत निरन्तर जनशक्ति आपूर्ति भैरहेको सन्दर्भमा नगरपालिकाको वडाभवन तथा हाल भाडामा लिएका भवनमा कार्यकक्षको अभाव देखिएकाले तत्काल नगर कार्यपालिका रहेको क्षेत्र वरपर नै न्यूनतम ५ कोठा भएको निजी घर प्रचलित कानून अनुसार भाडामा लिनका लागि स्वीकृति प्रदान गर्ने ।

**निर्णय नं.४२ : वडाले संचालन गर्नु पर्ने विभिन्न अन्तक्रियालाई नियमित र व्यवस्थित गर्ने सम्वन्धमा** : वडाले ६ वटाका दरले मासिकरुपमा सम्पन्न गर्नु पर्ने अर्न्तक्रिया कार्यक्रम नभएको भनी गुनासो आउन थालेकाले अबको बाँकी अवधिमा वार्षिक ७२ वटा अर्न्तक्रियाको लक्ष्य प्राप्त हुने गरी नियमित र व्यवस्थितरुपमा अर्न्तक्रिया कार्यक्रम संचालन गर्न सबै वडालाई निर्देशन दिने ।

**निर्णय नं.४३ : कार्यशाला संचालन सम्वन्धमा :** किर्डाक नेपाल र नगरपालिकाको संयुक्त आयोजनामा २०७६ साल कार्तिक २५ र २६ गते संचालन हुने बालवालिका विरुद्ध हुने हिंसा न्यूनीकरण विषयक कार्यशालामा कार्यपालिकाका सबै सदस्यहरु सहभागि हुने ।

**निर्णय नं.४४ : प्र.अ कार्यशाला आयोजना गर्ने :** किर्डाक नेपाल, शिक्षा विकास इकाई कालीकोट र नगरपालिकाको संयुक्त आयोजनामा २०७६ साल कार्तिक २७ गते बुधवार नगर स्तरीय प्र.अ कार्यशाला आयोजना गर्ने ।

**निर्णय नं.४५ : शिक्षा नीति तर्जुमा कार्यशाला आयोजना गर्ने :** किर्डाक नेपाल र नगरपालिकाको संयुक्त आयोजनामा विज्ञ विद्यानाथ कोइराला लगायतको उपस्थितिमा २०७६ मंसीर २ र ३ गते शिक्षा नीति तर्जुमा कार्यशाला आयोजना गर्ने ।

**निर्णय नं.४६ : वाल विवहा न्युनीकरण रणनीति योजना कार्यशाला आयोजना गर्ने :** किर्डाक नेपाल र नगरपालिकाको संयुक्त आयोजनामा २०७६ कार्तिक २८ र २९ गते वाल विवहा न्युनीकरण रणनीति योजना कार्यशाला आयोजना गर्ने ।

**निर्णय नं.४७ : कृषि विकास समिति गठन गर्ने :** कृषि विकास संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ अनुसार देहाय बमोजिम कृषि विकास समिति गठन गर्ने :

(क) संयोजक : मुन बहादुर थापा : वडाध्यक्ष वडा नं. १०
(ख) सदस्य (महिला) : माया जिसी, कार्यपालिका सदस्य
(गं) सदस्य (दलित) : मेघे चँदरा, कार्यपालिका सदस्य
(घ) सदस्य (एग्रोभेट प्रतिनिधि) : मनोजकुमार शाही
(ङ) सदस्य (सहकारी प्रतिनिधि) बीर वहादुर राउत
(च) सदस्य  (साना किसान प्रतिनिधि) गेला रोकाय, वडा नं. ९
(छ) सदस्य (कृषक पुरुष प्रतिनिधि) : दिपक शाही, वडा नं. ६
(ज) सदस्य (कृषक  महिला प्रतिनिधि) :दुर्गा न्यौपाने वडा नं.
(झ) सदस्य : शाखा प्रमुख, योजना शाखा
(ञ) सदस्य सचिव : शाखा प्रमुख कृषि शाखा

**निर्णय नं.४८ :सडक बोर्ड तथा सडक आयोजना तर्फ सम्पन्न भएका कामहरुको लेखाजोखा र फरफारक सम्वन्धमा** : गत आ.व.मा उपभोक्ता समिति मार्फत निर्माण भै हालसम्म फरफारक हुन नसकेका ठिन्के गाल्जे सडक लगायतका आयोजनाहरुको स्थलगत निरीक्षण गरी यथार्थ वस्तुस्थितिको लेखाजोखा सहितको प्रतिवेदन पेश गर्न देहाय बमोजिमको एक समिति गठन गर्ने :

(क) संयोजक : रत्नबहादुर शाही, नगर प्रमुख
(ख) सदस्य : खड्गबहादुर शाही, वडाध्यक्ष वडा नं. ४
(ग) सदस्य : मेघे चँदरा कार्यपालिका सदस्य
(घ) सदस्य : माया जिसी, कार्यपालिका सदस्य
(ङ) सदस्य : मुन बहादुर थापा , वडाध्यक्ष, वडा नं. १०
(च) सदस्य : संयोजकले तोकेको प्राविधिक कर्मचारी एक जना

**निर्णय नखं.४९ : निर्माणधीन स्वास्थ भवनको भौतिक पक्षको नियमित निरीक्षण र रेखदेख गर्ने सम्वन्धमा :** ठेकेदारबाट हाल निर्माण कार्य भैरहेका वडा नं. २, ३, ५, ८, १० र ११ का वडा स्वास्थ भवनहरुको सिमेन्ट जोडाई, गुणस्तर, बालुवा गिटीको गुणस्तर तथा काम गर्ने शैली, समय व्यवस्थापन, क्यूरिंग लगायतका विषयमा निरन्तर सुक्ष्म निरीक्षण गरी रेखदेख गर्ने जिम्मा सम्वन्धित् वडाध्यक्षलाई दिने । यो कार्य गरे वापत कार्य सम्पन्न भै भवन हस्तान्तरण भए पछि कन्टिजेन्सीबाट खर्च लेख्ने गरी वडाध्यक्षलाई एकमुष्ट रु. पाँचहजारका दरले सुविधा उपलब्ध गराउने ।

**निर्णय नं.५० : उपभोक्ता समितिबाट सम्पन्न हुने काममा प्र.म.रोजगार कार्यक्रममा सुचिकृत भएका बेरोजगारहरुलाई रोजगारी अनिवार्य गर्ने** : चालु आ.व.मा उपभोक्ता समितिबाट संचालन हुने जुनसुकै आयोजनामा प्र.म.रोजगार कार्यक्रम अर्न्तगत बेरोजगार सूचिमा सुचिकृत भएका व्यक्तिहरुलाई अनिवार्य रोजगारी दिने गरी सम्झौताको प्रावधानमा समावेश गर्ने र कार्यान्वयन गर्ने ।

**निर्णय नं.५१ : कार्यक्रम खर्च अनुमोदन गर्ने :** आ.व.०७५।७६ को वार्षिक लेखापरीक्षण गराँउदा लेखापरीक्षकलाई फिल्ड भ्रमण, सरोकार पक्षको उपस्थितिमा स्रेस्ता जाँच तथा छलफल गर्दा कार्ययोजना बमोजिम खर्च हुन गएको रकम रु.१४७६५० (एकलाख सत्चालिसहजार छ सय पचास) अनुमोदन गर्ने ।

**निर्णय नं.५२ : तालिमको आवास खर्च नगदै उपलब्ध गराउने :** आ.व.०७६।७७ को वार्षिक कार्यक्रम अनुसार संचालन हुने कृषि तथा पशु तर्फका आवासीय तालिम कार्यक्रमहरुमा स्थानीय कृषकहरु समावेश हुने भएकाले तालिमस्थलमै बस्नु नपर्ने कृषकहरुलाई मापदण्ड बमोजिम दैनिक रु. ५०० (पाँचसय) का दरले हुन आउने रकम प्रोत्साहनस्वरुप नगद नै उपलब्ध गराउने व्यवस्था मिलाउने ।

**निर्णय नं.५३ : मासिक ज्याला भुक्तानी गर्ने :** नगर कार्यपालिकामा आवश्यक पर्ने कार्यालय सहयोगि र ड्राइभर पदमा कर्मचारी नियुक्ति नहुँदा सम्म दैनिक काम संचालनका लागि कार्यालय सहयोगिका हकमा मासिक चौधहजार र ड्राइभरका हकमा मासिक अठारहजारमा नबढ्ने गरी हाल ज्यालादारीमा काम गरिरहेकाहरुको पारिश्रमिक खर्च लेख्न स्वीकृति प्रदान गर्ने ।

**निर्णय नं.५४ : सामान खरिदको वील रकम भुक्तानी गर्ने :** नगरपालिकालाई तत्काल आवश्यक पर्ने सामानहरु सार्वजनिक खरिद नियमावलीको प्रकृया अनुसार खरिद भएको देखिएकाले देहायका बीलहरु भुक्तानी गर्न स्वीकृति प्रदान गर्ने तथा भुक्तानी भैसकेकाको हकमा समर्थन गर्ने :

| क.सं | भुक्तानी पाउने फर्मको नाम | भ्याट/पान नम्बर | बील रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | न्यु विहानी पुस्तक पसल सुर्खेत | ३०५२१८८१४ | ४०७४९४।९५ | कार्यालय सामान |
| २ | अनुपम एग्रोभेट सुर्खेत | ३०२८६०१३९ | ३१९१८५।०० | पशुको औषधि |
| ३ | ज्वाला कम्प्यूटर मर्मृत सेन्टर | ६०३०३६१६५ | ७६७५०।०० | मर्मत बील |
| ४ | नवदुर्गा छापाखाना सुर्खेत | ३००८२०६०७ | ३३०८७१।७५ | लक्ष्यितको फाराम र अन्य |
| ५ | अग्नीज्वाला टेक्नीकल इ मान्मा | ६०७२२८८६७ | ९९००।०० | फोटोकपि मर्मत |
| ६ | न्यू स्टार फोटो सेन्टर सुर्खेत | ६०३३९२३४० | १९७००।०० | व्यानर र मायाको चिनो |
| ७ | हिमान्सु अटो लिंक्स सुर्खेत | ६०५८९९२८१ | ६५०९६।०० | टायर र एम्बुलेन्स डेकोर |
| ८ | पवलिक सोलार प्रा लि | ३०४७९७५२१ | ५६८९९।०० | खल्ला प्रहरी सोलार |
| ९ | प्रहरी चौकी छाप्रे | ६०५०८४०६७ | १९७७१।०० | प्रहरी चौकी सहयोग |
| १० | गंगामाला टायर वर्कसप | ६०७२८२०७६ | ८३००।०० | टायर मर्मत |
| ११ | सरोज अटोपार्टस एण्ड वर्कसप | ६०७४४६२९४ | २०५००।०० | गाडी मर्मत |
| १२ | एरो अटोपार्टस ल्याण्ड सुर्खेत | ३०५४८२५८५ | ९८८०८।०० | नगरको गाडी मर्मत |
| १३ | पुष्कर इलेक्ट्रोनिक्स गाल्जे | ६०८३८२०१४ | १४५४५।०० | विजुली तथा कार्यालय सामान |
| १४ | सत्यदेवि स्क्रीन प्रिन्टर्स ए ... | ३०४५४९०३४ | ७३३८४।०३ | विभिन्न छपाइ |
| १५ | साइ अटो वर्कसप सुर्खेत | ६०८२०२४३५ | ७५३५।०० | १४२९ मोटरसाइकल मर्मत |
| १६ | सुर्खेत साइन्स एण्ड सर्जिकल्स | ६०३९५७६४० | ५५९५१।९५ | ५ नं.वडाको वर्थिंग सेन्टर सा |
| १७ | सनलाईट होटल मान्मा | ६०२७९४५८३ | ३३५०।०० | ठेक्का सूचना तयारी गर्दा खाना |
| १८ | रुकालाल भट्टराई | ५५५९७९८ | ३००००।०० | सामग्री ढुवानी गाडी भाडा |
| १९ | अनुपम एग्रोभेट सेन्टर सुर्खेत | ३०२८६०१३९ | ७४३००।०० | रेविज भयाक्सिन खरिद |
| २० | पूर्ण ट्रेडर्स एण्ड अर्डर सप्लायर्स | ६०१३४६५१८ | २२६१५।०० | प्रहरीका लागि भाडाकुडा सहयोग |
| २१ | न्यू पुनेल अटो पार्टस दैलेख | ३०५४५०८६२ | ७७७५।०० | ११०२ मो.सा. मर्मत |
| २२ | राजु अटो मोटर पार्टस नाग्मा | ६०७५४०१८३ | ६३२५१।०० | ५५९ र ७२९ मोटरसाइकल मर्मत |
| २३ | शाक्य आर्टस सुर्खेत | ६०७८६१५१२ | ९६७५।०० | एम्वुलेन्स लेखाइ र इन्धन खर्च |
| २४ | चौलागाई अटोपार्टस कालीकोट..... | ६०८९८८८१४ | २२९७०।०० | १४३१ मो वा मर्मत खर्च |
| २५ | अज निर्माण सेवा कालीकोट | ३००८१८६५३ | १८०८०।०० | भैसिगौडाको पहिरो पन्छाएको |
| २६ | हाम्रो स्टेशनरी पसल लगायत | ३०३४७१८०८ | ५००००।०० | लिंगासैनी युथ क्लवलाई सहयोग |
| २७ | पञ्चकोषि रिजर्भ सेवा मान्मा | ६०५४४७९२१ | २८५००।०० | नगरप्रमुखबाट गाडी रिजर्भ तथा ढुवानी |

| | | | | |
|---|---|---|---|---|
| २८ | सागर हमाल, वडा नं. ३ | | ३२४००।०० | वडा कार्यालय घर भाडा भुक्तानी |
| २९ | घिमिरे मोवाइल एण्ड वाच सर्भिस | ६००२४६२७१ | ७०१८०।०० | मोवाइल सेट खरिल .उप र प्रप्रअ |
| ३० | डली नेपाल ट्राभल एण्ड टुर्स सुर्खेत | ६०२४६४२९९ | २२६००।०० | उपबाट सुर्खेत कालीकोट रिजर्भ |
| ३१ | काले फास्टफुड गाल्जे | ६०७२८९६३३ | १०७२२०।०० | विभिन्न समयको खाजा र खाना खर्च |
| ३२ | भुपेन्द्र जनरल स्टोर गाल्जे | ६०४९७९४७८ | ४३८३०।०० | गाडी, वाइकको इन्घन बील |
| ३३ | पुजा होटल एण्ड नास्ता पसल | ६०८५१९२७४ | १७०७०।०० | विभिन्न समयको चिया खाजा खर्च |
| ३४ | भ्याली भ्यू होटल मान्मा | ३०४७८४८३१ | १६०७५।०० | मलेप सम्परीक्षण गर्दा होटल वास |
| ३५ | सत्यदेवि स्टेशनरी एण्ड अर्डर स.मान्म | ३०४५४९०३४ | ५४००।०० | रेविज भ्याक्सिनको प्याड छपाई |
| ३६ | पाण्डे फर्निचर उद्योग नाग्मा | ६०५२२०२३० | ८१३६०।०० | पशुसेवाको कार्यकक्ष डेकोरेट र रुयाक |
| ३७ | ईश्वर अफ्सेट प्रेस (छापखाना) | ३०५२१५८६० | ६९४९५।०० | विभिन्न छपाई वापत |
| ३८ | घर्ती युनिक फेन्सी कलेक्सन कालीको | ६०८८१२७९३ | ३७६५०।०० | खेलाडीलाई सामग्री सहयोग |
| ३९ | संकल्प मिडिया प्राली सुर्खेत | ३०५२०६५०३ | ११३७२३।२० | दरभाउपत्रको सूचना प्रकाशन |

**निर्णय नं.५५ : मेयर कपको खर्च रकम भुक्तानी गर्ने** : गत भाद्र महिनाको ४ गते देखि ७ गते सम्म महादेव मावि फोइमा संचालन भएको मेयर कप प्रतियोगितामा विद्यालयसँग साझेदारी गर्ने पूर्व निर्णय बमोजिम नगरको खेलकुद शीर्षकमा विनियोजित बजेटबाट व्यहोर्ने गरी विद्यालयलाई रु. एकलाख पचासहजार रकम कार्यक्रम खर्च उपलब्ध गराउने ।

**निर्णय नं.५६ : पक्की पुल निर्माणको लागि ताकेता गर्ने** : भैसेगौंडामा निर्माण हुने पुल ठेकेदारको कारण ढिलाई भैरहेकाले सो विषयमा सम्वन्धित् निकाय सडक विभागलाई ताकेता पत्र लेख्ने ।

**निर्णय नं.५७ : संयोजकको अनुपस्थितिमा समितिको बैठक संचालन सम्वन्धमा** : अपांग परिचयपत्र वितरण सम्वन्धी कार्यविधि २०७६ मा नगर उपप्रमुख संयोजक रहने समितिको सिफारिसमा परिचय पत्र वितरण गर्ने व्यवस्था रहेकोमा हाल उपप्रमुख लामो समय अनुपस्थित रहँदा काममा वाधा परेको देखिएकाले निजको अनुपस्थितमा संयोजकको काम गर्ने जिम्मेवारी कार्यपालिका सदस्य रत्नपुरा शाहीलाई तोक्ने ।

**निर्णय नं.५८ : कर्णाली प्रदेश स्तरीय खुला भलिवल प्रतियोगिता भिजिट नेपाल २०२० लाई आर्थिक सहयोग गर्ने :** लिंगासैनी युथ क्लव खाँडाचक्रलाई कर्णाली गोल्डकपमा सहभागि भए वापत एकमुष्ट रु.५०००० (रु. पचासहजार) रकम आर्थिक सहयोग उपलब्ध गराउने ।

**निर्णय नं.५९ ओखर जोन घोषणा गर्ने :** नगर क्षेत्र भित्र लोकप्रिय उत्पादन ओखरलाई प्रवर्द्धन गर्न यस नगरपालिकाकालाई ओखर जोन घोषणा गर्ने ।

**निर्णय नं.६० घरभाडा सम्झौता नवीकरण सम्वन्धमा** : नगरपालिका र वडा कार्यालयको प्रयोजनका लागि गत आ.व.देखि नै प्रयोग भै आएका भाडाका घरहरुलाई चालु आ.व.०७६।७७ का लागि पनि भाडादर वृद्धि नहुने तथा आवश्यक नपरेमा छोड्न मिल्ने गरी साविककै शर्त र भाडादर अनुसार सम्झौता नवीकरण गर्ने । साविकमा पशु सेवा शाखाले उपयोग गर्दै आएको भाडाको घर २०७६ साल कार्तिक १५ सम्म मात्र सम्झौता नवीकरण गरी भाडा भुक्तानी गर्ने ।

**निर्णय नं.६१ आ.व.०७५।०७६ को आम्दानी खर्च अनुमोदन सम्वन्धमा** : महालेखा परीक्षकबाट प्रारम्भिक लेखा परीक्षण सम्पन्न हुँदा कायम हुन आएको एकिकृत आर्थिक विवरण अनुसार देखिएको आम्दानी बरावर खर्च रकम रु. ४२८०५१५१७५७ अनुमोदन गरियो ।

**निर्णय नं.६२ : सोलार सेट खरिद सम्वन्धमा :** प्रहरी चौकी नाग्मा र नयाँ स्थापना हुने गाल्जेमा सञ्चारसेट संचालनका लागि आवश्यक पर्ने सोलार सेट (लागत अनुमान अधिकतम् रु.६०००० का दरले जम्मा १२००००) नगरबाट खरिद गरी सम्वन्धित् चौकीलाई उपलब्ध गराउने । साथै नगरकार्यपालिकाको कार्यालय रहेको स्थान गाल्जेमा प्रहरी चौकी तत्काल स्थापना गर्न जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालय कालीकोट मान्मालाई पत्राचार गर्ने ।

**निर्णय नं.६३ : नमुना विद्यालय सम्वन्धमा :** यस नपा अर्न्तगत वडा नं. १० रुडुमा संचालित श्री महादेव आधारभूत विद्यालयलाई नमूना आधारभूत विद्यालयका रुपमा विकास गर्न जर्मन मुलुकका अर्न्तराष्ट्रिय दातृ संस्था इच्छुक देखिएको भन्ने बुझिन आएकाले उक्त संस्थालाई विद्यालयको माग बमोजिम सिफारिस गर्ने ।

| | |
|---|---|
| निर्णय प्रमाणीकरण | निर्णय प्रमाणीकरण |
| उद्धबप्रसाद रिजाल | रत्नबहादुर शाही |
| प्रमुख प्रशासकीय अधिकृत | नगर प्रमुख |